गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
दमौली, तनहुँ
फोन नं.: ०६५-५६०२०५, ५६१७९२

प.सं.०८२/८३/प्र.
च.नं. ९२

मितिः२०८२/०५/२०

श्री स्थानीय तह सबै,
तनहुँ।

विषयः सूचना टाँस सम्बन्धमा।

प्रस्तुत विषयमा यस विज्ञ केन्द्र, तनहुँको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मितिः २०८२/०५/२० गतेको आवेदन पेश गर्ने सम्बन्धी सूचना यसै पत्र साथ संलग्न छ। उक्त सूचना तहाँ स्थानीय तह तथा सम्वन्धित वडा कार्यालयको वेभसाइट,फेसवुक पेज तथा सूचना पाटीमा टाँस गरिदिनुहुन अनुरोध छ।

.................
डा. राम नरेश यादव
पशु विकास अधिकृत

गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

दमौली, तनहुँ

प.सं. ०८२/०८३
च.नं.
फोन नं: ०६५-५६४२०५

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२०*

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरु संचालन गर्न ईच्छुक यस जिल्लाका पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी पशु फर्म,कम्पनी, समूह, समिति तथा कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरुको साथ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं | कार्यक्रमको विवरण | आवेदक | परिमाण | अनुदान दिने रकम | विनियोजित बजेट | आवश्यक शर्त तथा मापदण्ड |
|---|---|---|---|---|---|---|
| १. | पुराना मत्स्य पोखरी मर्मत सहयोग (मत्स्य विकास कार्यक्रम) | निजी फर्म, कम्पनी, समूह, समिति तथा सहकारी | २० रोपनी | प्रति रोपनी रु १० हजार | २ लाख मात्र | मत्स्य विकास सम्बन्धी कार्यक्रम संचालन मापदण्ड,२०७७ अनुसार |
| २. | उत्पादनमा आधारित प्रोत्साहन सहयोग (दुधमा) कार्यक्रम | समूह, समिति तथा दुग्ध उत्पादक सहकारी | १६०२२०० लिटर | प्रति लिटर बढीमा रु ५ | ८० लाख ११ हजार मात्र | दुध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम संचालन मापदण्ड,२०७७ अनुसार |
| ३. | फार्म तथा पशुजन्य व्यवसायमा यान्त्रीकरण सहयोग कार्यक्रम | निजी फर्म,कम्पनी,समूह, समिति तथा सहकारीहरु | १ पटक | बढीमा रु ८० हजार | १० लाख मात्र | यान्त्रीकरणमा अनुदान सहयोग सम्बन्धी कार्यक्रम संचालन मापदण्ड,२०७७ अनुसार |

**आवेदन संग पेश गर्नपर्ने आवश्यक कागजातहरु:**

१ रु. १० को टिकट सहितको निवेदन र परियोजना प्रस्ताव।
२ आवेदकको संस्थाको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३ गत आ.व. २०८१/८२ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु।
४ व्यवसाय दर्ता नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
५ कृषक समूह, समिति वा सहकारी संस्थाको हकमा संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
६ सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रममा समावेश गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
७ कार्यालयले मागेको थप कागजात तथा सम्बन्धित मापदण्ड र कार्यविधि अनुसारको हुनेछ।

*नोट: यस सूचना, निवेदन तथा परियोजना प्रस्तावको ढाँचा यस कार्यालय वा Email: https://vhlsectanahun.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ। साथै उल्लेखित कार्यक्रम संचालन मापदण्ड संशोधन भएमा सोही अनुसार हुनेछ।*

**विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८५६०६५२०९ वा ०६५-५६४७९२ मा सम्पर्क गर्नहुन अनुरोध छ।**